झलनाथ खनाल
पूर्वप्रधानमन्त्री

Jhala Nath Khanal
Former Prime Minister

# नयाँ वर्षलाई एकता, पुनर्गठन र अग्रगतिको वर्ष बनाऔं

सत्तामा रहेको सरकार यथास्थितिवादमा चलिरहेको, आम जनता र राष्ट्रमा असन्तोष, विरोध र आक्रोस फैलिरहेको र यी कुरालाई देखेर राजावादी पुनरुत्थानवादीहरु सल्वलाई रहेको अवस्थामा हामीले २०८१ साललाई पार गरेका छौं । अब नयाँ आशा, संभावना र चुनौतिहरुले भरिएको २०८२ सालमा प्रवेश गर्दैछौं । विगतकाल २०६२-०६३ को क्रान्ति र संविधान निमार्ण पछि बनेको दुई तिहाईको सरकारले संसद विघटन गरेको बेलादेखि नै देश गलत दिशा तिर लाग्यो र अहिले यहाँ सम्म आई पुग्दा देश राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हरेक प्रकारले संकट ग्रस्त बन्दै गएको छ । देशको कृषि, उद्योग गतिहिन अवस्थामा छ । राष्ट्रिय उत्पादन घट्दो अवस्थामा छ । जनताको क्रय शक्ति घट्दो छ । महंगी र मूल्यवृद्धि अनियन्त्रित ढंगले बढिरहेको छ । बेरोजगारी बढिरहेको छ । भ्रष्टाचार बेलगाम ढंगले बढिरहेको छ । युवाहरु दैनिक रुपमा विदेश पलायन भईरहेका छन । हालका कुनै पनि पार्टीका नेतृत्वले जनता र राष्ट्रलाई बाटो देखाउन सकेका छैनन । देशको अर्थतन्त्र, व्यापार, बित्त र कर्मचारीतन्त्र हरेक क्षेत्रमा दलाल पुंजीवाद हावी बनेको छ । ठूला राजनीतिक पार्टीहरु नीतिहीन र अर्कमण्य सिद्ध हुँदै गएका छन । यहि बेला राजावादीहरु समेत सल्वलाउन थालेका छन । विदेशीहरुको घुसपैठ र दवाव बढ्दो छ । देश, जनता र राष्ट्र यतिबेला नयाँ चिन्तन, नयाँ विचार, नयाँ बाटो र नयाँ नेतृत्वको खोजीमा तड्पी रहेका छन ।

यस्तो वेलामा यो नयाँ वर्षको शुरुआतको घडिमा यो देशका सम्पूर्ण कम्युनिष्ट क्रान्तिकारीहरु, प्रगतिशील शक्तिहरु तथा देशभक्तहरुले नयाँ धरातलबाट सोच्न जरुरी भएको छ । हामीले ७६ वर्ष अघि देखि जनवाद, जनजीविका, समाजवाद, समानता र समृद्धि भन्दै आएका हौं । हामी शोषण, दमन, अन्याय, अत्याचार, विभेद, असमानता र भ्रष्टाचारको विरोध गर्दै आएका हौं । हामीले आफ्ना व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर देश, जनता, राष्ट्र, क्रान्ति र रुपान्तरणका निम्ति सधैं काम गर्नेछौ भनेर शपथ खाएका पनि हौं । आज ती कसम र प्रतिबद्धता कहाँ पुगे ? स्वयं हाम्रो कम्युनिष्ट आन्दोलन नै नेकपा बनाउने विन्दु सम्म पुगेर पनि अहिले विभाजन, विखण्डन, टुट र फुटको अवस्थामा किन पुग्यो ? हामीहरु कहाँ चुक्यौ ? कहाँ गल्ती गर्‍यौं ? सबैले समीक्षा गर्ने बेला आएको छ । वर्तमान पुंजीवादी व्यवस्थाका नायक दलाल पुँजीवाद र त्यसका प्रतिनिधिहरुबाट देशका कुनै पनि आधारभूत समस्या समाधान हुनेवाला छैनन । वर्तमान सत्ताले दलाल पुँजीवादकै सेवा गरिरहेको छ । यस अवस्थामा देश, जनता र राष्ट्रलाई अघि बढाउने एक मात्र बाटो समाजवादको बाटो नै हो । समाजवादी क्रान्ति र रुपान्तरणले मात्र देश र जनतालाई नयाँ

Scanned with CamScanner

01-4271956 9851108199 jhalanath1950@gmail.com

झलनाथ खनाल
पूर्वप्रधानमन्त्री

Jhala Nath Khanal
Former Prime Minister

लक्ष्य तिर अघि बढाउन सक्छ । समाजवादले मात्र आजका सम्पुर्ण विकार र विकृतिहरुलाई समाप्त पार्दै नेपाली समाजलाई वर्तमान पुँजीवादी गणतन्त्रबाट समाजवादी गणतन्त्रमा पुऱ्याउन सक्छ । त्यसैकारण नयाँ वर्ष २०८२ को यो पुनित अवसरमा हामी सबै कम्युनिष्ट क्रान्तिकारीहरुले नयाँ धरातलबाट सोचौं, विगतमा कहाँ गल्ती भयो सबैले समिक्षा गरौं, वर्तमान संकटपूर्ण परिस्थितिको गंभीरतालाई आत्मसात गरौं, ०८४ मा हुने निर्वाचनलाई पनि ध्यानमा राखौं, कम्युनिष्टहरु बीचको फुट र विभाजनले ल्याउने परिणामहरुको बारेमा सचेत बनौं, वैज्ञानिक समाजवाद नै अब सिङ्गो नेपाली कम्युनिष्ट आन्दोलनको साझा लक्ष्य हो भन्ने कुरामा एकमत बनौं, पुँजीवादी जनवाद, बहुदलीय जनवादका थोत्रा बनिसकेका अवधारणाहरुबाट मुक्त बनौं, नेपाली विशेषताको समाजवादी कार्यक्रम र त्यसलाई प्राप्त गर्ने कार्यदिशा, नीति, सिद्धान्त, रणनीति, कार्यनीति र लक्ष्यका आधारमा एकताबद्ध बनौं, कम्युनिष्ट आन्दोलन भित्र प्रकट भइरहेको दक्षिणपंथी औसरवाद, विसर्जनवाद, संझौतावाद र पुच्छरवादको विरोध गरौं, कम्युनिष्ट पार्टीलाई सर्बहारा श्रमिक वर्गको स्वतन्त्र क्रान्तिकारी शक्तिका रुपमा खडा गरौं, आजको प्रधान अन्तरविरोध र प्रधान प्रतिद्वन्दी शक्तिलाई होसियारी पूर्वक पहिल्याऔं, मुख्य प्रतिद्वन्दीका विरुद्ध व्यापक संयुक्त मोर्चा निर्माण गरौं, निशाना केन्द्रित जन संघर्षलाई अघि बढाऔं । साथै यो कार्यदिशाका आधारमा समग्र कम्युनिष्ट आन्दोलनलाई वैचारिक र संगठनात्मक रुपले पुनर्गठन र रुपान्तरण गरौं, यहि कार्यदिशा र नीतिका आधारमा सम्पूर्ण कम्युनिष्टहरु, वामपंथीहरु र देशभक्तहरुलाई एकतावद्ध बनाऔं र देशमा एउटा नीतिनिष्ठ, सिद्धान्तनिष्ठ र एकीकृत कम्युनिष्ट पार्टी निमार्ण गर्दै वैज्ञानिक समाजवाद निमार्णको दिशामा नयाँ धरातलबाट अघि बढौं । यो नयाँ वर्ष २०८२ ले हामीलाई यहि दिशामा अघि बढ्न लल्कारी रहेको छ । म देश र प्रवासमा रहनु भएका सम्पूर्ण परिवर्तनकारी आम जनतालाई २०८२ को नयाँ वर्षको उपलक्ष्यमा यहि दिशामा अघि बढ्न आह्वान गर्दै सबैलाई अग्रगति र प्रगतिको हार्दिक शुभकामना अर्पण गर्दछु ।

मिति : १ वैशाख,२०८२

झलनाथ खनाल
पूर्वप्रधानमन्त्री
सम्मानित नेता तथा पार्टी स्कुल विभाग प्रमुख
नेकपा (एकीकृत समाजवादी)

Scanned with CamScanner

01-4271956 9851108199 jhalanath1950@gmail.com